Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81956
Research Article
ISSN: 3021-9035 Print

# सीमान्तकृत समुदायका सवाल र मानव अधिकार

**डा. टीकाराम पोखरेल**
*tikaram.pokharel@gmail.com*


## लेखसार

प्रस्तुत शोधमूलक लेख सीमान्तकृत समुदायका समसामयिक सवालमाथिको विश्लेषणमा आधारित छ। सीमान्तकृत समुदाय भनेको राज्यको मूलधारबाट वञ्चित गराइएकाहरूको समूह हो । सीमान्तकृत समुदायका सवाललाई सम्बोधन नगरी देशको पूर्ण विकास सम्भव छैन। सीमान्तकृत समुदायका समसामयिक सवालहरूमा समावेशीकरण, सशक्तीकरण, न्यायमा पहुँच, सामाजिक सुरक्षा, अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूको कार्यान्वयन, मौलिक हक र अन्य संवैधानिक र कानुनी व्यवस्थाहरूको कार्यान्वयन, मानव अधिकारको सुनिश्चितता र आर्थिक सवलीकरण प्रमुख हुन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उनीहरूका सवाल सम्बोधन गर्न थुप्रै व्यवस्था गरिएको भए पनि व्यवहारमा भने राज्यका निकायहरू उनीहरूको हकअधिकारको सुनिश्चिततामा उदासिन देखिन्छन्। राज्यको मूलधारमा सीमान्तकृत समुदायको पहुँच नपुग्नु र राज्य उनीहरूका सवालमा उदासिन हुनु सीमान्तकृत समुदायलाई मूल धारमा ल्याउने सवालमा देखिएको प्रमुख समस्या हो। राज्यको अनुदार चरित्र र समाजको विभेदकारी व्यवहारले सीमान्तकृतका सवालहरू छायामा परेका छन् । मानव अधिकारको अवस्था दयनीय छ । अन्तर्राष्ट्रिय कानुनले व्यवस्था गरेका सवालहरूको सम्बोधन, मौलिक हकको कार्यान्वयन, मानव अधिकारको प्रत्याभूति, संविधान र कानुनी व्यवस्थाको पूर्णपालना र सीमान्तकृत समुदाय केन्द्रित नीतिनिर्माण र कार्यान्वयनबाट नै सीमान्तकृत समुदायको अवस्थामा सुधार आउने हुँदा सीमान्तकृतका सवालमा राज्य जिम्मेवार हुन जरुरी छ। सीमान्तकृतका सवाललाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम निर्माण, विकास निर्माण र सेवा प्रवाह गर्न सके मात्र दिगो तथा मानवअधिकारमैत्री विकास भएर सीमान्तकृत समुदायलाई मूलधारमा ल्याउन सकिन्छ।



## शब्दकुञ्जी

समावेशीकरण, सशक्तीकरण, मूलधार, वञ्चित।


## विषय प्रवेश

सीमा र अन्तको समास भएर बनेको सीमान्त शब्दमा कृत् प्रत्यय लागेपछि सीमान्तकृत शब्द बन्दन्छ। सीमाको अर्थ निर्धारित स्थान हो तथा अन्त्य शब्दले सबैभन्दा छेउ भन्ने बुझाउँछ। समष्टिगत रूपमा सीमान्तकृत शब्दको अर्थ सबैभन्दा छेउमा पुर्‍याइएका वा मूलधारबाट वञ्चित गरिएको समूह भन्ने हुन्छ । प्रज्ञा नेपाली शब्दकोशले सीमान्तकृत शब्दलाई पिछडिएको, वञ्चित भएको, सीमान्तको अन्तमा पुर्‍याइएको वा छेउमा पुगेको भनेर अर्थ्याएको छ। सीमा र परिधि तोकेर मान्छेलाई खण्डीकरण गर्ने अलग समूहको खण्डमा विभेद गर्ने अनि तात्त्विक सीमामा रहन नदिएर निर्मित सीमामा सीमान्तीकरण गरिएकाले यस्तो वर्गलाई सीमान्तकृत भनिएको हो ।

नेपालको संविधानमा सीमान्तकृत भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद तथा उत्पीडन र भौगोलिक विकटताको कारणले सेवासुविधा उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका सङ्घीय

कानुनबमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदायसमेतलाई जनाउँछ (धारा ३०६) भनेर परिभाषित गरिएको छ। परम्परागत रूपमा राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका/परेका तथा विभिन्न कारणले राज्यबाट प्राप्त हुने सेवासुविधाबाट वञ्चित रहेका समुदायलाई सीमान्तकृत समुदाय भनिए पनि पछिल्लो समय यो दायरा फराकिलो भएर जाति, धर्म, भाषा र यौनिक अल्पसङ्ख्यक समुदायलाई पनि सीमान्तकृत वर्गमा राखेर अध्ययन गरिन्छ। सीमान्तकृतभित्र पनि अतिसीमान्तकृत, लोपोन्मुखजस्ता उपसमुदायहरू रहेका छन्।

प्रत्येक व्यक्तिको मानव अधिकार हुन्छ। विशेष वर्गका विशेष अधिकारहरू छन्। सीमान्तकृत वर्गका पनि विशेष अधिकारहरू छन्। विशेष वर्गका लागि विशेष अधिकारको प्रत्याभूति गर्नु नेपालको संविधानको मर्म भएकाले संविधानले नै सीमान्तकृत वर्गलाई सम्बोधन गर्दै विशेष हक अधिकार सुरक्षित गरेको छ। अन्य कानुनहरूले समेत सीमान्तकृत वर्गका विशेष अधिकारहरू सुनिश्चित गरेका छन्। तथापि ती पर्याप्त भने छैनन्। परिणामतः सीमान्तकृतका सवालमा राज्य उदासिन बन्ने गरेको र उनीहरूको मानव अधिकारको पूर्ण प्रत्याभूति हुन नसकेको भन्दै असन्तुष्टिहरू आइरहेका छन्। असन्तुष्टिले विद्रोह जन्मन्छ। जनतालाई विद्रोहको अधिकार छ। सीमान्तकृत वर्गमाथिको विभेद विद्रोहको एक प्रमुख कारण हो। नेपालमा दशबर्से द्वन्द्वमा निम्नवर्गको उल्लेख्य सहभागिता हुनुले द्वन्द्वको प्रमुख कारणमा सीमान्तकृत वर्गमाथिको विभेद नै भएको कुरा स्पष्ट भइसकेको छ। तत्कालीन विद्रोही पक्षले सीमान्तकृत वर्गका सवाललाई उठाएकै कारण सीमान्तकृत वर्ग द्वन्द्वमा उल्लेख्य रूपमा सहभागी भएका थिए र दशबर्से द्वन्द्वको जगमा नेपालमा गणतन्त्र आएको थियो। तर सीमान्तकृतका सवाल राजनीतिक एजेण्डाहरूको सम्बोधनले मात्र पूर्ण हुँदैन भन्ने कुरा जनआन्दोलन २०६२/६३ पछिको दुई दशकले बताइसकेको छ। सीमान्तकृतका सवाल राजनीतिक रूपमा केही हदसम्म सम्बोधन भए पनि उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था उस्तै छ। तर पनि यस विषयमा गहिरो अध्ययन हुन बाँकी छ। नेपालमा सीमान्तकृत समुदायको सवालमा केन्द्रित भएर गहिरो अध्ययन हुन नसकेकाले सीमान्तकृत समुदायका सवाल, उनीहरूको सवालमा भएका कार्य, उनीहरूको मानव अधिकारको अवस्था विश्लेषण गर्नु यस शोधमूलक लेखको समस्या रहेको छ। यो लेख मूलतः यी प्रश्नहरूमा केन्द्रित छ–

१. नेपालको सन्दर्भमा सीमान्तकृत समुदायका सवालहरू के के हुन् ?
२. सीमान्तकृत समुदायका सवालमा सरकारले गरेका कार्यहरू के कस्ता छन् ?
३. सीमान्तकृत समुदायको मानव अधिकारको अवस्था के कस्तो छ ?

सीमान्तकृत वर्गको सवाल र मानव अधिकारको अवस्थाको बारेमा यसअगाडि न्यून मात्र अध्ययन भएको सन्दर्भमा सीमान्तकृत समुदायको अवस्था उजागर गर्ने उद्देश्यले यो शोधमूलक लेख तयार गरिएको छ। यस शोधमूलक लेखको उद्देश्य बुँदागत रूपमा निम्नबमोजिम छन्–

१. नेपालको हकमा सीमान्तकृत समुदायका सवालहरूको पहिचान गर्ने।
२. सीमान्तकृत समुदायका सवालमा सरकारले गरेका कार्यहरूको विश्लेषण गर्ने।
३. सीमान्तकृत समुदायका सवाल र मानव अधिकार अवस्थाको विश्लेषण गरी अब गर्नुपर्ने कार्यको बारेमा मार्गनिर्देश गर्ने।

यो शोधमूलक लेख विशेषरूपले नेपालमा रहेका सीमान्तकृत समुदायको सवालमा केन्द्रित छ। सीमान्तकृत समुदायका अधिकारसँग जोडिएका सवालहरूको पहिचान गर्दै ती सवालमा सीमान्तकृत समुदायको मानव अधिकार उपभोगको अवस्था के छ भन्ने कोणबाट विश्लेषण गरिएको छ। अवस्था विश्लेषणको आधारका रूपमा मूलतः मानव

अधिकारसम्बन्धी अन्तराष्ट्रिय कानुन, नेपालको संविधान, कानुन, राज्यका नीति र विभिन्न प्रतिवेदन र सीमान्तीयता सम्बन्धित सैद्धान्तिक पर्याधारको सापेक्षतामा आधारित भएर सीमान्तकृतको अवस्था विश्लेषण गरिएको छ । स्थलगत अध्ययन नभएर पुस्तकालयबाट प्राप्त सामग्रीको अध्ययन नै मुख्य आधार हुनु पनि यसको सीमा रहेको छ।

## *अध्ययन विधि*

अनुसन्धानका विभिन्न विधिहरूमध्ये यो शोधमूलक लेखमा अनुसन्धानका सैद्धान्तिकभन्दा बढी व्यावहारिक पक्षको सहयोग लिइएको छ । यस लेखमा अन्तर्राष्ट्रिय कानुन, देशको संविधान र कानुनमा भएका सीमान्तकृतका सवाल, सीमान्तकृतका सवालमा प्रकाशित भएका सामग्री र प्रतिवेदनहरूलाई आधार मानिएको छ। लेखकले मानव अधिकार र सीमान्तकृतका सवालमा हासिल गरेको दुई दशकको अनुभवबाट प्राप्त जानकारीको समेत लेखमा सहयोग लिइएको छ। अनुसन्धानमा मूलतः पुस्तकालय पद्धति अपनाइएको छ। अनुसन्धानमा वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक शैली अपनाइएको छ । विश्लेषणका लागि सैद्धान्तिक अवधारणा महत्त्वपूर्ण आधार भएकाले पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरेर सीमान्तीयतासँग सम्बन्धित सैद्धान्तिक पर्याधारका आधारमा पनि विश्लेषण गरिएको छ।

## *सैद्धान्तिक पर्याधार*

सीमान्तकृत भनेको राज्य तथा समाजबाट किनारा लगाएर मूलधारबाट वञ्चित पारिएकाहरूको समूह हो । सीमान्तकृत शब्दले निर्धा, निमुखा, दबिएका र ओझेलमा परेका वर्गलाई सम्बोधन गर्छ। सीमान्तीयको अर्थ सामाजिक, आर्थिक, राजनीतिक र अरू पहुँचको केन्द्रभन्दा पर रहेका सर्वसाधारण मानिस, अवस्था, वर्ग वा समूह हो (अधिकारी, २०२३, पृ. ३३८) सन्दर्भअनुसार सीमान्तकृत शब्दका पर्यायवाचीका रूपमा अवरजन, अधीनस्थ, अशक्त, आवाजहीन, इतिहासविहीन, उत्पीडित, उपेक्षित, गरिब, निमुखा, दबिएको, दमित, दलित, निर्धो, शासित, श्रमिक, सर्वहाराजस्ता शब्द प्रयोग भएको पाइन्छ। सीमान्तकृतलाई अङ्ग्रेजीमा सबाल्टर्न, मार्जिनलाइज्ड, माइन्युरिटीजस्ता शब्दले सम्बोधन गरिन्छ। सबाल्टर्न ल्याटिन भाषाबाट बनेको शब्दको प्रथम प्रयोग सोह्रौँ शताब्दीतिर भए पनि तल्लो वर्गका लागि सबाल्टर्न प्रयोग गर्ने इटालेली स्वतन्त्र मार्क्सवादी चिन्तक एन्टिनियो ग्राम्सी हुन्, जसले मुसोलिनीको जेलभित्र आफू कठोर यातनासहित रहँदा प्रभुत्व वा हेजेमोनीका सन्दर्भबाट निम्न, उत्पीडित तथा निमुखा वर्गको चर्चा गर्ने क्रममा साङ्केतिक शब्द सबाल्टर्न अथवा सीमान्तकृतको व्याख्या गरेका छन् (शर्मा, २०७०, पृ. ३१६)।

मानव सभ्यताको सुरुदेखि नै वर्गीयता देखा पर्दै आएको हो। समाजमा एउटा वर्ग हुनेखाने र अर्को वर्ग हुँदा खानेको लामो शृङ्खला छ। समाजको संरचना वर्गीय रूपको भएकाले कोही प्रभुत्वशाली हुने र कोही सीमान्तकृत बन्ने अवस्था परम्परादेखि नै कायम रहेको देखिन्छ। यसो हुनाले परिवार, समूह, समाज, राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत व्यापक सीमान्तको अवधारणा विद्यमान देखिन्छ भने लिङ्ग, जातजाति, वर्ग, भाषा, धर्म, उमेर, वर्ण, क्षमता, पृथकता, विचार, जीवनदर्शन आदि विविध आधारमा बहुसङ्ख्यक मानिस सधैँ सीमान्तकृत अवस्थामा छन् (अधिकारी, २०२३, पृ. ३३८)।

जुनसुकै सामाजिक एकाइभित्र शक्तिशाली र शक्तिहीन वर्ग हुन्छन् । संरचनाको नेतृत्व वा वर्चश्वमा रहेको वर्गले आफूलाई केन्द्रमा राख्ने र शक्तिहीन वर्गलाई कमजोर बनाउँदै जाने परम्पराबाट मानिसहरू सीमान्तकृत अवस्थामा पुग्छन् (बडू, २०२३, पृ. १५३)। सीमान्तकृत राज्यले मात्र निर्माण नगरी समाजले समेत निर्माण गरेको छ। उपल्लो वर्गले तल्लो वर्गमाथि गर्ने उत्पीडनलाई उत्पीडनका रूपमा नबुझी समान्य परम्परास्वरूप स्वीकार्दा अतिसीमान्तकृत हुने स्थिति देखापर्दछ। यस्तो स्वीकारोक्तिले सीमान्तकृत वर्गको मानव अधिकारको प्रत्याभूति गर्नु विश्वकै लागि ठुलो चुनौती बनेको छ।

सीमान्तीयताको प्रश्न साहित्यको समाजशास्त्रसँग

प्रत्यक्ष जोडिएको विषय हो । सामाजिक शोषण दमनका अवशेषको विरोधमा दबिएका मानिसहरूको आवाजलाई साहित्यमा के कसरी उठाइएको छ र ऐतिहासिक पहिचान, वर्गीय, जातीय, लैङ्गिक प्रतिनिधित्व र वर्चस्वका हिसाबले पछि पारिएका वा दबाइएका व्यक्ति वा समूहका बारेमा केकसरी बोलिएको छ, प्रतिरोधको अवस्था कस्तो छ भन्ने सीमान्तीय अध्ययनले हेर्दछ। समाज व्यवस्थाका सीमा र परिधि तोकेर मान्छेलाई खण्डीकरण गर्ने अलग समूहको खण्डमा विभेदित गर्ने अनि तात्त्विक सीमामा रहन नदिएर निर्मित सीमामा सीमान्तीकरण गरिएकाले त्यस्ता समूहको अध्ययनलाई सीमान्तीय अध्ययन भनेको बुझिन्छ (सुवेदी, २०७३, पृ. २३४)। यसरी सीमान्तकृतका सवाल समाजशास्त्र, राजनीतिशास्त्र, मानव अधिकार, साहित्य सबै विधामा अध्ययनको विषय बनेको छ । नेपालमा सीमान्तकृत समुदायका सवाल अत्यन्तै जल्दोबल्दो विषय बनेको छ। वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय कोणबाट कुनै वर्गले कुनै वर्गलाई सीमान्तीकरण गर्ने शृङ्खला लामो भएकाले नेपालको सन्दर्भमा सीमान्तकृतको सवाल एउटा जटिल समस्या बनेको छ।

## *अन्तर्राष्ट्रिय कानुनी व्यवस्था*

सीमान्तकृतका अधिकारका लागि छुट्टै महासन्धि नभए पनि संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानव अधिकार सम्बन्धी घोषणापत्र र महासन्धिहरूमा उल्लेखित कतिपय व्यवस्थाहरू सीमान्तकृतका अधिकारसँग सम्बन्धित छन्। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले जाति, लिङ्ग, वर्ण, भाषा, धर्म, जन्म अथवा अन्य कुनै हैसियतमा भेदभाव गर्न नपाइने (धारा १) व्यवस्था गरेको छ। सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ मा कुनै पनि रूपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न र जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्तिसम्बन्धी कुनै पनि कुराको भेदभाव विना अधिकारहरूको उपभोगमा कानुनको अगाडि प्रत्येक व्यक्तिको समानताको अधिकार (धारा ५) को प्रत्याभूति गर्ने उल्लेख छ।

नागरिक र राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक अथवा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव नगरिने (धारा २) व्यवस्था गरिएको छ। साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा पनि जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, सामाजिक उत्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा कुनै पनि प्रकारको विनाभेदभाव सम्पूर्ण अधिकार उपभोग गर्न पाउनुपर्ने (धारा २) उल्लेख छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ ले लैङ्गिक विभेदविरुद्ध संरक्षण, राजनीतिक र सार्वजनिक जीवनमा महिलाको प्रभावकारी सहभागिता, शिक्षा, रोजगारी, स्वास्थ्य, संस्कृति, भूमि र प्राकृतिक स्रोतमाथिको अधिकार, खाद्य अधिकार, दिगो र स्वच्छ वातावरणको अधिकार स्थापित गर्नुपर्ने सवालमा राज्यको भूमिका स्पष्ट पारेको छ (महासन्धिका विभिन्न धाराहरू) भने बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ मा अल्पसङ्ख्यक समूहका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन सबै प्रकारका सञ्चार माध्यमलाई प्रोत्साहन गर्नुपर्ने, बालबालिकालाई प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गर्नुपर्ने तथा बालबालिकालाई पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्था गरेर रोग र कुपोषण हुनबाट जोगाउनुपर्ने (महासन्धिका विभिन्न धाराहरू) व्यवस्था छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ ले आदिवासी जनजातिहरूले मानव अधिकार र मौलिक स्वतन्त्रताका उपायहरू निर्वाध रूपमा वा कुनै विनाभेदभाव उपभोग गर्न पाउने व्यवस्था गरेको छ । आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, २००७ अनुसार आदिवासीको राजनीतिक, आर्थिक र सामाजिक संरचना तथा उनीहरूको संस्कृति, आध्यात्मिक परम्परा, इतिहास र दर्शन विशेष गरी आफ्नो भूमि, क्षेत्र र संसाधनमाथिको उनीहरूको

अधिकारको सम्मान र प्रवर्धन गर्नुपर्छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ मा अपाङ्गता भएका सबै व्यक्तिहरूको सबै मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग सुनिश्चित तथा प्रवर्धन (धारा ३) गर्नुपर्ने व्यवस्था छ। मानव अधिकारसँग सम्बन्धित विभिन्न महासन्धिको पक्ष राष्ट्र भएका कारण अन्तर्राष्ट्रिय महासन्धिका यी व्यवस्थाहरू नेपालले पनि पालना गर्नुपर्ने हुन्छ। नेपाल मानव अधिकारप्रति प्रतिबद्ध, राष्ट्रसङ्घको सदस्यताप्राप्त लोकतान्त्रिक मुलुक भएकाले पक्ष नभएका महासन्धिसमेत पालना गर्नु नैतिक दायित्व रहन्छ।

## *नेपालको संविधान र कानुनमा सीमान्तकृतका अधिकार*

नेपालको संविधानका विभिन्न धारामा सीमान्तकृतका सवाल सम्बोधन गरिएको छ। संविधानको प्रस्तावनाले नै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, सहभागितामूलक र समावेशी सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने परिकल्पना गरेको छ। संविधानले विविधतायुक्त राज्यको परिकल्पना (धारा ३), समावेशी राज्य (धारा ४), नेपालमा बोलिने सबै भाषा राष्ट्र भाषा (धारा ७) को व्यवस्था गरेको छ।

मौलिक हकअन्तर्गत राज्यले कुनै पनि आधारमा नागरिकमा भेदभाव नगर्ने (धारा १८), खास वर्ग, विशेष रूपमा सीमान्तकृत वर्गका लागि सकारात्मक विभेदको व्यवस्था (धारा १८), जातीय विभेद र छुवाछुत गर्न नपाइने (धारा २४), शोषणरहित समाजको परिकल्पना (धारा २९), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) जस्ता अधिकारको व्यवस्था गरेको छ भने राज्यका निर्देशक सिद्धान्तमा सीमान्तकृतका सवाल विशेषरूपले सम्बोधन गर्ने नीति (धारा ५०) लिएको छ। संविधानमा उल्लिखित मौलिक हक र मानव अधिकार संरक्षण र संवर्धनसम्बन्धी राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण गर्नु र राज्यका नीतिहरू क्रमशः कार्यान्वयन गरेर समुन्नत नेपाल निर्माण गर्नु राज्यको दायित्व हुनेछ (धारा ५२) भन्ने व्यवस्था छ। बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण (धारा ५६), बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली (धारा ७४), समावेशी मन्त्रिपरिषद् (धारा ७६), समानुपातिक निर्वाचन प्रणाली (धारा ८४ समेतका धारा), संवैधानिक अयोगहरूको व्यवस्था (धारा २३८ देखि २६४) तथा संवैधानिक अङ्ग र निकायमा समावेशिता (धारा २८३), नेपाली सेनामा समावेशिता (धारा २६७), राजनीतिक दलको गठन, दर्ता र सञ्चालन समावेशी हुनुपर्ने (धारा २६९) र सरकारी सेवामा समावेशिता (धारा २८५) जस्ता प्रावधान संविधानमा रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले लक्षित समूहसम्बन्धी योजना र विकास निर्माणमा महिला, बालबालिका, दलित अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यकलगायतका सीमान्तकृत समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयलाई प्राथमिकता दिनुपर्ने र कार्यान्वयन गर्दा यो समुदायलाई अधिकतम सहभागिता गराउनुपर्ने व्यवस्था (दफा १२) उल्लेख छ। स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले पनि योजना तर्जुमा गर्दा लक्षित वर्गको समावेशीकरण, सशक्तीकरण र सहभागितामा जोड दिनुपर्ने व्यवस्था गरेको छ।

सोह्रौँ पञ्चवर्षीय योजना (२०८१–८६) ले विकासका सवालमा देखिएका मूलभूत चुनौतीका रूपमा सीमान्तकृत समुदायमा हिंसाको स्वरूप परिवर्तन, आर्थिक, सामाजिक, सांस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरतालाई लिएको (पृ. ३) छ भने सीमान्तकृत वर्ग र समुदायको सशक्तीकरण र सकारात्मक विभेदमार्फत समावेशी रोजगारी प्रवर्धनको नीति अवलम्बन (पृ. ५) गरेको छ। दिगो विकासका सत्रओटा लक्ष्य तथा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धतामा समेत सीमान्तकृत वर्गका विषय समेटिएका

भए पनि कार्यान्वयन अवस्था भने सन्तोषजनक नभएको तितो यथार्थ छ।

## सीमान्तकृत समुदायका सवालहरू

नेपालमा २०४६ सालको परिवर्तन, दशबर्से माओवादी द्वन्द्व र २०६२/६३ को जनआन्दोलनको परिणामस्वरूप सीमान्तकृतका सवालमाथिको बहस अतितीव्र बनेको हो। दशबर्से द्वन्द्वमा सीमान्तकृत समुदायका नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको तीव्र बहससँगै ती वर्ग द्वन्द्वमा सहभागी भए । दशबर्से द्वन्द्व र उन्नाइस दिने जनआन्दोलनको परिणा मस्वरूप आएको अन्तरिम संविधान बन्दा होस् वा वर्तमान संविधान निर्माण गर्दा होस् सीमान्तकृतका सवालमा पर्याप्त बहस भए र कतिपय सवालहरूलाई संविधानमा समेत समेटियो। तथापि अझै पनि राज्यले सम्बोधन गर्नुपर्ने सीमान्तकृतका सवाल बाँकी छन्। नेपालमा समसामयिक सन्दर्भमा सीमान्तकृत समुदायका सवालहरू निम्न छन्–

## समानुपातिक सहभागिता

सीमान्तकृत समुदायलाई राज्यका सबै निकायमा समावेशी सहभागिता गराएर किनाराबाट मूल धारमा ल्याउनुपर्ने छ । राजनीतिक सहभागिता, कानुनी रूपमा सहभागिताको सुनिश्चितता, हरेक सङ्घसंस्था र सङ्गठनमा समानुपातिक प्रतिनिधित्व गराएर सीमान्तकृत समुदायलाई समावेशीकरणको माध्यमबाट राज्यको मूलधारमा ल्याउनै पर्छ।

## सशक्तीकरण

समानुपातिक प्रतिनिधित्वका माध्यमद्वारा मूल धारमा जान व्यक्ति सक्षम पनि हुनुपर्छ। सक्षम भएन भने पाएको जिम्मेवारी पनि बोझ मात्र हुन्छ र जिम्मेवारी सकिएको दिन पुनः पहिलेकै अवस्थामा पुग्दछ। बरु हरेक व्यक्तिलाई सक्षम बनाइयो भने ऊ अरू वर्गसँग प्रतिस्पर्धा गरेर मूल धारमा पुग्न सक्छ। सशक्तीकरण र समावेशीकरण दुवैलाई समानान्तर रूपमा अगाडि बढाउन सके मात्र सीमान्तकृत समुदायलाई मूल धारमा ल्याउने काम दिगो र प्रभावकारी हुन्छ । नेपाल तथा सशक्तीकरण चाहिँ औपचारिकतामा मात्र सीमित हुनु समस्याका रूपमा रहेको छ।

## राजनीतिक तथा नागरिक अधिकारको प्रत्याभूति

सीमान्तकृत समुदाय राज्यको अधिकारबाट वञ्चित गराइएका वा राज्यको सेवा सुविधामा पहुँच नपुगेको वर्ग हुँदा समाजमा प्रतिस्पर्धा गर्न नसक्ने यो वर्गलाई मूलधारमा ल्याउनका लागि कल्याणकारीभन्दा अधिकारमुखी पद्धति अवलम्बन गरिनुपर्छ। सीमान्तकृत वर्ग समाजका अन्य वर्गजस्तै अधिकारका दाबेदार हुन्, अरूसरह उनीहरूका पनि अधिकारको प्रत्याभूति गरिनुपर्छ। राजनीतिक रूपमा सक्षम बनाइनुपर्छ र नागरिकका रूपमा उनीहरूका सबै नागरिक हक, मौलिक हक र मानव अधिकरको सुनिश्चितता गरिनुपर्छ।

## आर्थिक सबलीकरण

सीमान्तकृत समुदाय किनारामा पुग्नुको प्रमुख कारण आर्थिक दुरावस्था हो। यो समुदाय शिक्षा, स्वास्थ, आवासदेखि राज्यको सेवासुविधाहरूको पहुँचबाट समेत वञ्चित छ। त्यसैले उनीहरूको जीवनस्तर उठाउने खालका साना उद्योग, सिप विकास, सबैलाई शिक्षित बनाउने कार्य राज्यको प्राथमिकतामा पर्नुपर्ने विषय हो । सीमान्तकृत वर्गका सामाजिक र सांस्कृतिक अधिकार शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, रोजगारी आदि आधारभूत आवश्यकताको परिपूर्ति गर्दै उनीहरूलाई गरिबीको चपेटाबाट बाहिर निकाल्नु आजको प्रमुख आवश्यकता हो।

## विभेदको अन्त्य

सीमान्तकृत समुदायमाथि राजनीतिक, आर्थिक, समाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक विभेद कायम छ। दलित समुदायमाथि जातीय विभेद छ भने महिलाहरूमाथि लैङ्गिक विभेद छ। ग्रामीण क्षेत्रमा आर्थिकरूपले विभेदमा

परिएका छन् । लोपोन्मुख तथा अल्पसङ्ख्यक समुदाय सामाजिक बहिष्करणका सिकार भएका छन्। व्यवहारमा विभेदलाई कायम राखेर गरिने सीमान्तकृतका अधिकारका कुरा कागजमा मात्रै सीमित हुने भएकाले विभेदको अन्त्य हुनु आवश्यक छ।

## *समाजिक न्याय र सामाजिक सुरक्षा*

सीमान्तकृत समुदाय समाजिकरूपले पनि असुरक्षित छन्। संविधानले व्यवस्था गरेको समाजिक सुरक्षाको हक पूर्ण प्रत्याभूति गरिनुपर्छ। न्यायबाट सबैभन्दा वञ्चित वर्ग नै सीमान्तकृत वर्ग हो। अतः सीमान्तकृत वर्गको न्यायमा पहुँच स्थापित हुनुपर्छ।

## *विशेष अधिकारको प्रत्याभूति*

अन्य समुदायले पाएको अधिकारबाहेक सीमान्तकृत समुदायका थप अधिकार पनि छन्। राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको हक, सार्वजनिक सेवामा आरक्षण र उपस्थितिको विशेष हक, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा विशेष अधिकार, भूमि र प्राकृतिक स्रोतसाधनसम्बन्धी हक आदि सीमान्तकृत समुदायका थप अधिकारहरू हुन्।

## *अल्पसङ्ख्यक समुदायको विशेष अधिकार*

सीमान्तकृत समुदायभित्रको पनि अल्पसङ्ख्यक समुदायलाई अझ विशेष रूपमा सम्बोधनको आवश्यकता छ। सीमान्तकृत समुदायलाई माथि उठाउन सकारात्मक विभेदको नीति अवलम्बन गरिएजस्तै सीमान्तकृत वर्गभित्रको पनि अतिसीमान्तकृत वा अल्पसङ्ख्यकलाई माथि उठाउन सीमान्तकृत वर्गभित्रै सकारात्मक विभेदको नीति आवश्यक छ।

सीमान्तकृत समुदायका यी सवालहरूमा राज्यबाट भएका प्रयास र सीमान्तकृत समुदायले आफू मूलधारमा आउनका लागि गरेको सङ्घर्ष दुवै कुरा आजको सन्दर्भमा बिर्सन सकिँदैन। यी जल्दाबल्दा सवालमा भविष्यमा पनि अझ घनीभूत बहसको आवश्यकता देखिन्छ।

## *राज्यका प्रयासहरू*

सीमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउने प्रमुख दायित्व राज्यको हो। उनीहरूका सवालमा राज्यले गरेका थुप्रै सकारात्मक प्रयासहरू छन्। माथि उल्लेखित संविधान तथा कानुनमा गरिएका सकारात्मक व्यवस्था राज्यका प्रशंसनीय कार्य हुन्। संविधानमा राज्यका सबै संरचनामा सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व, सार्वजनिक सेवामा आरक्षण र उपस्थितिको विशेष हक, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाका साथै भूमि र प्राकृतिक स्रोतसाधनको हकको व्यवस्था गरिएको छ। सार्वजनिक सेवामा निश्चित प्रतिशत आरक्षण, सकारात्मक विभेदका सवालहरू, सामाजिक सुरक्षा भत्ताको व्यवस्था, विशेष वर्गलाई छात्रवृत्ति प्रदान गर्नेजस्ता काम पनि राज्यले गरेका सकारात्मक कार्यहरू हुन्। मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना (२०७७/७८–२०८१/८२) को मूलभूत उद्देश्य नागरिकहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिले प्रत्याभूत गरेका अधिकार उपभोगको सुनिश्चितता गर्नु रहेको छ। यसैगरी मानव अधिकारका व्यापक विषय समेटिएको दिगो विकास लक्ष्यसम्बन्धी कार्ययोजनासमेत कार्यान्वयनमा रहेको छ; जसले सीमान्तकृतका सवाललाई सम्बोधन गर्ने प्रयास गरेको छ।

सरकारी र गैरसरकारी स्तरबाट सञ्चालित विभिन्न कार्यक्रमबाट निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घट्दै गएको देखिन्छ। महिला सहभागिता र सशक्तीकरण एवम् सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य र खाने पानी आदि सामाजिक क्षेत्रमा क्रमशः प्रगति हुँदै गएका छन्। गरिबीको अवस्थामा रहेका वर्गको वास्तविक विवरण तयार गरी गरिबी न्यूनीकरण गर्न गरिब घपरिवार पहिचान र परिचयपत्र वितरणजस्ता विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यी राज्यले गरेका सकारात्मक प्रयास हुन्।

## *सीमान्तकृत समुदायको वर्तमान स्थिति*

नेपालमा सीमान्तकृत समुदायको हकअधिकारको

बहस चलेको आधा शताब्दीभन्दा बढी भयो। यो अवधिमा राज्यपक्षबाट सीमान्तकृत समुदायको अवस्था सुधार गर्न केही प्रयासहरू पनि भए। राज्यले सीमान्तकृत समुदाय केन्द्रित कार्यक्रम घोषणा गर्नु, सीमान्तकृतका अधिकार समेटिएका अन्तर्राष्ट्रिय कानुनको पक्ष राष्ट्र हुनु, सीमान्तकृत समुदायका लागि विशेष अधिकारको व्यवस्था गरिनु, समानुपातिक समावेशीकरणको नीति अवलम्बन गर्नु, शिक्षा, स्वास्थ्यजस्ता विषयमा सीमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिइनु राज्यका सकारात्मक प्रयासहरू हुन्।

राज्यका यस्ता प्रयासहरूका बाबजुद सीमान्तकृत वर्गको ठुलो हिस्सा राज्यको मूल धारमा आउन सकेको छैन। शासनको सम्पूर्ण क्षेत्रमा आदिवासी जनजाति, महिला, मधेशी, मुस्लिम, दलित, थारु, अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रको न्यून उपस्थिति र सहभागिताले गर्दा ती वर्ग निर्णायक तहमा पहुँचविहीन हुनु परेको अवस्था छ। अधिकांश आदिवासी जनजाति, मधेशी, मुस्लिम, महिला, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक समूहमाथि अन्य शासकीय हैसियत बनाउँदै आएकाहरूले जातीय, लैङ्गिक, भाषिक, धार्मिक, क्षेत्रीय आदि आधारमा विभेद र पक्षपात गर्नुका साथै बहुसङ्ख्यक श्रमजीवी जनतामाथि शोषण र उत्पीडन गर्ने परम्परा विद्यमान छ। विकृति, भ्रष्टाचार, कमिसनखोरी, जालझेल, हिंसात्मक गतिविधि र विभिन्न अपराधजन्य क्रियाकलाप र राजनीतिक गुटबन्दीजस्ता विकृतिले सिङ्गो मुलुक आक्रान्त बन्नु परेको अवस्था छ (हाडा, २०८१, पृ. ४)। यस्तो अवस्थामा सीमान्तकृत समुदायका सवाल ओझेलमा परेका छन्।

दलित वर्गमा धेरै बेरोजगारी हुनु, परम्परागत सिप आधुनिकीकरण नहुनु, वन, पानी, खानीजस्ता साझा प्राकृतिक स्रोत पनि दलित समुदायमा समान रूपमा वितरण नहुनु, होटल, रेस्टुराँ चलाउन र पेयपदार्थसम्बन्धी उद्योग सञ्चालन गर्न सामाजिक रूपमा बञ्चित गराइनु, दलितले उत्पादन गरेको दुध वा दुधबाट बनेका पदार्थ बिक्रीमा समस्या हुनु, वैदेशिक रोजगारीमा पहुँच नहुनु, जग्गाजमिन नहुनु वा सुकुम्बासी हुनु, मजदुरीमा उचित ज्याला नपाउनु, परम्परागत पेसाबाट बनाइएका सामानको बजार व्यवस्थापन नहुनु, दलित उत्थानका लागि गरिने कार्यक्रम गरिबी निवारणलाई आधारभूत सिद्धान्त नबनाइनु जस्ता समस्या समाजमा रहेका छन् (हाडा, २०८१, पृ. ४)। राज्यको प्रयासका बाबजुद पनि सीमान्तकृत समुदायले अपेक्षाकृत प्रतिफल प्राप्त गर्न नसक्नु चिन्ताको विषय हो। नयाँ संविधानले पनि सीमान्तकृत समुदायका लागि केही अनिवार्य व्यवस्था गरिएको भए तापनि यी व्यवस्थाहरू सीमान्तकृत समुदायका लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मातजस्तै हुने हो कि भन्ने चिन्ता बढ्दै गएको छ। स्थानीय तहमा यति धेरै अधिकार र वित्तीय स्रोतसाधन प्राप्त भए पनि सीमान्तकृत समुदायको हितमा खासै परिचालन हुन नसकेको अवस्था छ (बिडारी, अनलाइनखबर, २०७५ फागुन १२)।

नेपालको राजनीति अस्थिर प्रकृतिको भएकाले भएका नीति र कार्यक्रमको कार्यान्वयनमा पनि अस्थिरता थपिँदै गएको छ। गरिबी तथा बेरोजगारी दर उच्च छ। असमानता, विभेद र विकासमा असन्तुलन छ। उत्पादन र उत्पादकत्वको आर्थिक वृद्धि न्यून छ। सामाजिक न्याय र सामाजिक सुरक्षाको स्थिति कमजोर छ। न्यून आय, न्यून बचत, न्यून लगानी र न्यून विकास आदिले आर्थिक पक्षलाई प्रभाव पारिरहेको छ (राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन, २०८१, पृ. २५)। यो किसिमको आर्थिक दूरावस्थाले मूलतः सीमान्तकृत समुदायका अधिकारमाथि नै प्रभाव पार्दछ।

विपन्न वर्गका लागि निःशुल्क शिक्षा, पोसाक, पुस्तक, दिवा खाजाजस्ता कार्यक्रममा अपेक्षित उपलब्धि हासिल भएको छैन। अहिले पनि पाँचदेखि बाह्रवर्ष उमेर समूहका झण्डै तीन लाखभन्दा बढी बालबालिका विद्यालयभन्दा बाहिर रहेको अनुमान छ। तीमध्ये अधिकांश बालबालिका सीमान्तकृत समुदायका छन्। विशेषतः अपाङ्गता भएका बालबालिका, आर्थिक अवस्थाले विपन्न बालबालिका, अभिभावक वा संरक्षकविहीन टुहुरा/अनाथ, पिछडिएका बालबालिकाहरू अधिकारविहीन देखिन्छन्। दुर्गम क्षेत्र र कमजोर आर्थिक अवस्थाका कारण बिचमा विद्यालय छोड्ने बालबालिकाहरू उल्लेख्य छन् (राष्ट्रिय मानव

अधिकार आयोगको प्रतिवेदन, २०८१, पृ. २९)। विद्यालय छोड्ने अधिकांश बालबालिका सीमान्तकृत समुदायका छन् । बालश्रमिकहरूमा पनि सीमान्तकृत समुदायकै बालबालिका श्रमशोषणमा पर्ने गरेका छन् । शिक्षा, स्वास्थ्यबाट वञ्चित हुने, मातृशिशु मृत्युदर बढी हुने, बेचबिखनमा पर्ने, वैदेशिक रोजगारीमा जाने र देशभित्रै जोखिमपूर्ण श्रम गर्न बाध्य सीमान्तकृत समुदाय नै हुन् ।

दुर्गम क्षेत्र र गरिबीको रेखामुनि रहेका, पिछडिएका, अपाङ्गता भएका र सीमान्तकृत समुदायको स्वास्थ्य सेवामा पहुँच सरल, सुलभ र व्यापक हुन सकेको छैन। सांस्कृतिक, लैङ्गिक, आर्थिक र सामाजिक व्यवधानहरूले गर्दा पनि उपलब्ध स्वास्थ्य सेवाहरू समतामूलक रूपमा प्रवाह हुन सकेका छैनन्। गरिबी, अशिक्षा, लैङ्गिक असमानता, जातीय र सामाजिक विभेद तथा भौगोलिक विकटताका कारणले जोखिममा परेका वर्ग र समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको न्यून पहुँचमा सुधार गर्नुपर्ने देखिन्छ (राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन, २०८१, पृ. ३८)। तर यस्ता सवालमा राज्यको प्रयास औपचारिकतामा सीमित हुन पुगेको छ।

आदिवासी जनजातिभित्रका राउटे, सुरेल, कुसुन्डा, माझी, चेपाङजस्ता लोपोन्मुख समुदायहरूको अवस्था अत्यन्तै कमजोर छ (राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन, २०८१, पृ.७३)। पहुँच, जवाफदेहिता, पारदर्शिता, मर्यादा, पहिचान, समानता, सशक्तीकरण, समावेशिता, विविधता, निष्पक्षता र ऐक्यबद्धतालगायतका विषयहरू मानव अधिकारमुखी विकासपद्धतिका मूल्यमान्यताहरू हुन्। विकास निर्माणसम्बन्धी कार्य गर्दा नागरिकको विकास प्रक्रियामा सक्रिय, स्वतन्त्र र प्रभावकारी सहभागी हुन पाउने अधिकार, विकास प्रक्रियामा योगदान गर्न पाउने अधिकार र विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकारको सम्मान तथा परिपूर्ति गर्ने दायित्व राज्यलाई तोकेको भए पनि सीमान्तकृत वर्ग यसबाट वञ्चित भएका छन् (राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन, २०८१, पृ. ८२)। यसरी हेर्दा नेपालमा सीमान्तकृत वर्गको अवस्था केही सुधारोन्मुख भए पनि अपेक्षा गरेअनुरूप सुधार हुन सकेको देखिँदैन । सरकारी र गैरसरकारी क्षेत्रबाट अझै धेरै कार्य गर्न बाँकी छ।

## *सीमान्तकृत समुदायको मानव अधिकारको अवस्था*

सीमान्तकृत समुदायका सवालमा संविधान, कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भएका अधिकारहरू सीमान्तकृतका पनि अधिकार हुन् । कानुनमा उल्लेख नभएका थप जो सीमान्तकृत समुदायलाई मूल धारमा ल्याउनका लागि आवश्यक छन्, त्यस्ता अधिकारहरू पनि सीमान्तकृत वर्गका अधिकारभित्र पर्दछन् । सीमान्तकृत हुनुको मूल कारण उनीहरू न्यूनतम मानव अधिकारबाट वञ्चित हुनु हो । मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र पूर्ति गर्ने राज्यको दायित्व भएकाले सीमान्तकृत समुदायका अधिकारका लागि राज्य जिम्मेवार हुनुपर्छ । अधिकारको वकालत गर्ने संस्था र नागरिक अगुवाहरूले यसमाा निगरानी गर्न आवश्यक छ। तीनै तहका सरकारले आर्थिक तथा सामाजिक रूपमा पछि परेका समुदायको उत्थानका लागि ऐनकानुनले लक्षित गरेबमोजिमका कार्यक्रम तथा योजनाहरूमा बजेट विनियोजन गर्नुपर्छ।

सीमान्तकृत वर्गको समसामयिक सवाल भनेको शिक्षा,स्वास्थ्य,विभेद,समावेशीकरण,सशक्तीकरण,समानता, सकारात्मक विभेद, मूलप्रवाहीकरणजस्ता विषयहरू नै हुन् । यी सवाल उनीहरूका मानव अधिकार पनि हुन् । तर यस्ता विषयहरूमा राज्यको ध्यान नपुगेको तितो यथार्थ छ । उदाहरणका लागि घुमन्तेफिरन्ते लोपोन्मुख राउटे समुदायको पोषण, गुणस्तरीय आवास र उचित खानपानको अभावमा उनीहरूको अकालमा मृत्यु भएर जनसङ्ख्या निरन्तर घटेकाले जीवनको अधिकार जोखिममा छ । चितवनका चेपाङ समुदायको आवासको अधिकार, स्वच्छ खानेपानी, प्राकृतिक स्रोतमाथिको पहुँचजस्ता अधिकार कुण्ठित भइरहेको छ (राउटेको मानव अधिकार अवस्था, २०८१, पृ. ४८) । आइएलओ महासन्धि नं. १६९ ले व्यवस्था गरेको स्वशासनको अधिकारको प्रत्याभूति हुन

सकेको छैन। सर्वोच्च अदालतले अतिसीमान्तकृत बराम समुदायका लागि स्वायत्त वा विशेष अथवा संरक्षित क्षेत्र स्थापनाको निर्देशनात्मक आदेश पनि राज्यले कार्यान्वयन गरेको देखिँदैन।

सीमान्तकृत अल्पसङ्ख्यक समुदायको मातृभाषा लोपोन्मुख अवस्थामा भए पनि राज्यले संरक्षणमा ध्यान दिन सकेको छैन। यसैगरी एचआईभी सङ्क्रमित व्यक्तिको गोपनीयताको अधिकार कुण्ठित भइरहेको तथा समाजमा सम्मानपूर्वक बाँच्न नपाएको स्थिति छ। अपाङ्गता भएका व्यक्तिहरूको स्थिति समाजमा उपेक्षित छ। दलितहरू जातीय विभेदबाट पीडित छन्। आदिवासी जनजातिको अग्राधिकार स्थापित भएको छैन। समग्रमा सीमान्तकृतका सबै उपसमूहहरू कुनै न कुनै रूपमा अधिकारबाट वञ्चित हुन पुगेका छन्। राज्यका सकारात्मक प्रयासका बाबजुद अपेक्षाकृत परिणामहरू आउन सकेका छैन।

## *निष्कर्ष*

राज्यका सबै निकायहरूमा सीमान्तकृत वर्गको प्रभावकारी प्रतिनिधित्व हुन सकेको छैन। निजी क्षेत्रमा समावेशीकरणलाई स्वीकार गरिएको छैन। सशक्तीकरण औपचारिकतामा सीमित भएको छ। गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, आवासजस्ता आधारभूत आवश्यकताको पूर्तिबाट समेत अतिसीमान्तकृत वर्ग वञ्चित छन्। अल्पसङ्ख्यक समुदायको विशेषाधिकारका रूपमा आफ्नो सरोकार रहेका र आफूलाई प्रभावित पार्ने नीतिनिर्माणमा सहभागिताको हक, सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सिप र प्रविधिसम्बन्धी हक, भाषा, लिपी, धर्मसम्बन्धी हक, भूमि र प्राकृतिक स्रोतसाधनसम्बन्धी हक, सामाजिक सुरक्षाको हक, मातृभाषामा सूचना तथा सञ्चारको हक, राज्यका संरचनामा विशेष प्रतिनिधित्वको हक, आफ्नो समुदायको हित र कल्याणका लागि मौलिक संस्कृति र परम्परा संरक्षणको हक रहेका भए पनि यी अधिकारहरू व्यवहारमा कार्यान्वयन हुन नसक्दा सीमान्तकृत समुदायका सवाल ओझेलमा पारिएका छन्। मानव अधिकार सबै व्यक्तिका लागि बराबर हुनुपर्दछ। सीमान्तकृत समुदाय विशेष समुदाय भएकाले उनीहरूका थप अधिकारसमेत हुन्छन्। सकारात्मक विभेदका माध्यमबाट सीमान्तकृत समुदायका विशेष अधिकारको सुनिश्चितता गर्नु आजको टड्कारो आवश्यकता हो।

समाजमा आज पनि सीमान्तकृत वर्गको अवस्था अपेक्षा गरेअनुसार माथि उठ्न सकेको छैन। जातीय विभेद कायमै छ। अपाङ्गता भएका व्यक्तिका आवश्यकताहरू पूर्ति हुन सकेका छैनन्। विकासको प्रतिफलमा सम्भ्रान्त वर्गको हालिमुहाली छ भने विकासबाट प्रभावित चाहिँ सीमान्तकृत भएका छन्। विकासका नाममा आदिवासी जनजातिका अधिकार कुण्ठित छन्। मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला शोषित छन्, जो सीमान्तकृत समुदायका बढी छन्। यौनिक अल्पसङ्ख्यकलाई राज्यले मूलधारमा ल्याउन सकेको छैन। बेरोजगारी समस्याबाट प्रभावित सबैभन्दा बढी सीमान्तकृत समुदाय नै छ। सीमान्तकृत समुदायका सवाल समावेश भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूको पूर्ण परिपालना हुन सकेको छैन। संविधान र कानुनका व्यवस्था पनि पूर्ण रूपमा कार्यान्वयन भएका छैनन्। कतिपय सीमान्तकृतका सवाल सम्बोधन भएका भए पनि परिणामहरू अपेक्षाकृत छैनन्। सीमान्तकृत भएकाहरूलाई मूल धारमा ल्याउने कुरामा राज्य चुकेको मात्र होइन, सीमान्तीकरण गर्ने कार्य रोकिएको छैन। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार पूरै छायामा पारिएको छ। राज्यका अधिकांश कार्यक्रमहरू औपचारिकतामा सीमित भएकाले परिणाम निकाल्नेमा केन्द्रित हुनुको साटो प्रक्रियामा अल्मलिएको देखिन्छ। यसले गर्दा अतिसीमान्तकृत वर्ग जोखिममा परेको छ। राज्य नागरिकको अभिभावक भएको नाताले नागरिकहरूबिच समानता कायम गर्दै उनीहरूको हक अधिकारको संरक्षण गर्नु र सबै नागरिकलाई मूल धारमा ल्याउनु राज्यको कर्तव्य हुन जान्छ। लोकतन्त्रमा सरकार जनताको हुने हुँदा राज्य नागरिकप्रति जवाफदेही हुनुपर्ने र राज्यले अन्तर्राष्ट्रिय दायित्वसमेत निर्वाह गर्नुपर्ने भएकाले राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनको पालना गर्दै सीमान्तकृतका सवाललाई सम्बोधन गर्नु राज्यको प्रमुख जिम्मेवारी हो।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, सीता (२०२३). 'द्वन्द्वको अवसान उपन्यासमा सीमान्तीयता'. *JOURNAL OF DURGALAXMI (JDL).* Vol. 2, No. 1, Nov. 2023.

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७४). *स्थानीय सरकार सञ्चालन ऐन.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (......). 'मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८–२०८१/८२)'. सिंहदरबार : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

नेपाल सरररकार (...). *सोह्रौँ योजना (आ. व २०८१/८२ – २०८५/८६).* सिंहदरबार : राष्ट्रिय योजना आयोग।

बडू, प्रकाशचन्द्र (२०२३), 'सेतीको सुस्केरा कथामा सीमान्तीयता'. *JOURNAL OF DURGALAXMI (JDL).* Vol. 2, No. 1, Nov. 2023

बिडारी, सुरेश (२०७५). 'नयाँ संरचनामा सीमान्तकृत समुदायको सहभागिताको सवाल'. *अनलाइनखबर.* २०७५ फागुन १२।

शर्मा, मोहनराज (२०७०). 'अवरजन अध्ययन र साहित्य'. *भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँ : पाठ्य सामग्री प्रकाशन।

हाडा, गम्भीरबहादुर (२०८१). 'नेपालमा सीमान्तकृत वर्गहरूको वर्तमान स्थिति'. *आर्थिक दैनिक.* २०८१, वैशाख ७।

.....................(२०८१). *राउटेको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन.* ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग।

....................(१९६५). *सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि.* संयुक्त राष्ट्र सङ्घ।

....................(२००६). *अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि.* संयुक्त राष्ट्र सङ्घ।

....................(१९६६). *आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध.* संयुक्त राष्ट्र सङ्घ।

....................(.......). *आदिवासी जनजातिको अधिकार सम्बन्धी (आइएलओ) महासन्धि, १६९.*

....................(२००७). *आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र.* संयुक्त राष्ट्र सङ्घ।

....................(....) आ.व. २०८०–२०८१ मा मानव अधिकारको अवस्था. ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग।

.....................(१९६६). *नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध.* संयुक्त राष्ट्र सङ्घ।

.....................(२०७२). *नेपालको संविधानमा सीमान्तकृत समुदाय.* संसदीय सहयोग परियोजना/यूएनडीपी।

......................(१९९८). *बाल अधिकारसम्बन्धी महासन्धि.* संयुक्त राष्ट्र सङ्घ।

......................(१९७९). *महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि.* संयुक्त राष्ट्र सङ्घ।

.......................(१९४८). *मानव अधिकारको विश्वव्यापी घोषणापत्र.* संयुक्त राष्ट्र सङ्घ।